# भुजेल भाषा र नेपाली भाषा व्याकरणको तुलनात्मक अध्ययन

गोकुल भुजेल

परीक्षा क्रमाङ्क : २३३०००७

त्रि.वि.दर्ता नं. ९-२-२३३-११२-२००८

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी
क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर
तह, दोस्रो वर्ष नेपा.शि.५९८ पाठ्यांशको
प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

**२०७२/२०१६**

नेपाली भाषा शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र एम.एड. नेपाली दोस्रो वर्षको नेपाली शिक्षा ५९८ को पाठ्यांश प्रयोजनका लागि तयार पारिएको हो । यस शोध कार्यले नेपाली र भुजेल भषाको व्याकरणका बारेमा चासो राख्नेका लागि महत्त्वपूर्ण सामग्रीका रूपमा सहयोग गर्ने छ भन्ने मलाई लागेको छ । यस शोधपत्रले नेपाली भाषको व्याकरण र भुजेल भाषाको व्याकरणको संरक्षणमा सहयोग पुऱ्याउने आशा लिएको छु ।

यो शोधपत्र आदरणीय गुरु अर्जुन प्रसाद पौडेलको प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । उहाँले व्यस्त समयका बाबजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि अन्तसम्म सल्लाह, सुझाव र आवश्यक निर्देशन दिनु भएकोमा प्रथमतः उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी प्रस्तुत शोधपत्रको शीर्षक छनोट एवम् शोधपत्र तयार गर्ने क्रममा महत्त्वपूर्ण अनुभव, मार्गदर्शन तथा महत्त्वपूर्ण सुझाव दिई सहयोग पुऱ्याउनु हुने नेपाली शिक्षा विभागका विभागीय प्रमुख अर्जुनप्रसाद पौडेलप्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै नेपाली शिक्षा विभागका आदरणीय सम्पूर्ण गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोधपत्र लेखनमा आवश्यक सल्लाहा सुझाव दिने मेरा श्रीमती कुमारी थापा प्रति हार्दिक कृतज्ञताका शब्द गुच्छाहरू अर्पण गर्दछु । मेरो अधययनलाई निरन्तरता दिनु हुने बाबा मकर बहादुर भुजेल  र मेरो अध्ययन कार्यको हरेक क्षणमा आवश्यक सहयोग तथा प्रोत्साहन प्रदान गरी आजको अवस्थामा पुऱ्याउनु हुने मेरो परम आदरणीय आमा बिमला भुजेल एवम् सम्पूर्ण परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी यो शोधपत्र तयार पार्न प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने साथीहरू एवम् सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु ।

साथै यस शोधपत्रलाई छिटो छरितो कुशल रूपमा टङ्कन गरिदिने आयुशा बुक्स सिन्धुलीलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिन्धुली बहुमुखि क्याम्पस, सिन्धुली नेपाली शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

............

शोधार्थी

गोकुल भुजेल

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सिन्धुली बहुमुखी क्याम्पस, स्नातकोत्तर तह दोस्रो वर्षका छात्र गोकुल भुजेलले **भुजेल भाषा र नेपाली भाषा व्याकरणको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिश गर्दछु ।

मिति : सन् २०१६

...............................

उपप्राध्यापक अर्जुनप्रसाद पौडेल

शोधनिर्देशक

# शोधसार


**शोधशीर्षक** : भुजेल भाषा र नेपाली भाषा व्याकरणको तुलनात्मक अध्ययन

**शोध निर्देशक** : अर्जुनप्रसाद पौडेल

**शोधार्थी** : गोकुल भुजेल

**शैक्षिक वर्ष** : २०६८/२०७०

**क्याम्पस/विभाग** : सिन्धुली बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग

**जम्मा अध्याय** : पाँच

**पृष्ठसङ्ख्या** : ११+४६+२

**समस्याकथन**

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिका विभिन्न भाषाहरू मध्ये भुजेल भाषा र नेपाली भाषा व्याकरणको तुलनात्मक अध्ययन हालसम्म भएको पाइँदैन। तसर्थ दुवै भाषाका व्याकरणात्मक कोटीहरू के-कस्ता रहेका छन् ? शब्दवर्गमा के-कति समानता र असमानता रहेका छन् ? तुलनात्मक अध्ययनबाट के-कस्ता निष्कर्ष दिन सकिन्छ ? भन्ने बारेमा प्रस्तुत शोध केन्द्रित रहेको छ।

प्रस्तुत शोधपत्र निम्न लिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क) भुजेल भाषा र नेपाली भाषा व्याकरणको अवस्था के-कस्तो रहेको छ ?

ख) भुजेल भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिमा के-कस्तो समानता र भिन्नता पाइन्छ ?

## अध्ययनको उद्देश्य

कुनै पनि कार्यको अभिन्न अङ्ग उद्देश्य हो । उद्देश्य विनाको कुनै पनि कार्य अगाडि बढ्न सक्दैन र औचित्यपूर्ण पनि हुँदैन । कुनै पनि शोधकार्यको उद्देश्य सम्बन्धित शोध समस्याको तर्कपूर्ण र प्रमाणिक समाधान प्राप्त गर्नु हो । तसर्थ शोधपत्रमा समावेश गरिएका समस्याहरूको तथ्यपरक रूपमा निदान गर्नु नै यस शोधको मूल उद्देश्य रहेको छ । प्रस्तुत शोधपत्रमा निम्न उद्देश्यहरू रहेका छन् :

क) भुजेल भाषा र नेपाली भाषा व्याकरणको अवस्था अध्ययन गर्नु

ख) भुजेल भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिमा के-कस्तो समानता र असमानता छ पहिल्याउनु ।

## शोधको औचित्य र महत्त्व

अनुसन्धानको क्रममा कुनै पनि विषयवस्तुको खोज तथा अनुसन्धान गर्नु आफैमा एउटा महत्त्वपूर्ण कार्य हो । खास गरी अनुसन्धानको आवश्यकता र उपयोगिता माथि प्रकाश पार्नु नै अनुसन्धानको औचित्य रहेको छ । शोधकार्य सम्पन्न भएपछि भाषा अध्येता, आम पाठकहरूका लागि थोरै भए तापनि नेपाली भाषा र भुजेल भाषा बोल्ने वक्ताहरूका लागि यी भाषा व्याकरणका विशेषतासँग सम्बन्धित विभिन्न पक्षहरुको अध्ययन अनुसन्धान गर्नेहरूका लागि, पाठ्यक्रम एवम् पाठ्य पुस्तक निर्माण गर्नेहरूका लागि सहयोग पुग्ने छ । नेपाली भाषा र भुजेल भाषाका सम्बन्धमा खोजी र चासो राख्ने जो कोहीलाई पनि यस अध्ययन फलदायी हुनेछ । नेपाली र भुजेल भाषाको तुलनात्मक अध्ययन र अनुसन्धानले भुजेल भाषाको संरक्षण र सम्बर्द्धनमा सहयोग पुग्ने देखिएकाले यो अध्ययन निर्विवाद रूपमा महत्त्वपूर्ण र औचित्यपूर्ण रहेको छ भन्न सकिन्छ ।

## अध्ययनको सीमाङ्कन

कुनै पनि शोधकार्यलाई निश्चित उद्देश्यतर्फ केन्द्रित गराउन त्यसलाई सीमाबद्ध गर्नु आवश्यक देखिन्छ । कुनै पनि अध्ययनलाई यसको प्रयोजन समेत आत्म निर्देशन गर्ने हुँदा

यसको निश्चित सीमा निर्धारण नगरिकन थालिएको शोधकार्यबाट निश्चित गन्तव्यमा पुग्न कठिन हुने भएकाले प्रस्तुत शोधपत्र निम्न सीमाभित्र रही कार्य गरिएको छ :

क) भुजेल भाषा र नेपाली भाषा व्याकरणको तुलनात्मक अध्ययन शब्दवर्ग र व्याकरिणक कोटिमा सीमित रहेको छ ।

ख) व्याकरणिक कोटिको अध्ययन लिङ्ग, वचन, पुरुष र कालमा सीमित रहेको छ ।

**निष्कर्ष**

नेपाली व्याकरण र भुजेल भाषाको व्याकरणको पुस्तक सङ्कलन गरी नेपाली भाषा र भुजेल भाषाको शब्द वर्गको तुलनात्मक अध्ययन गरिएको छ। शब्दवर्ग अन्तर्गत नाम, सर्वनाम, क्रिया, विशेषण, क्रिया विशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातको अध्ययन गरिएको छ । नेपाली भाषाको व्याकरणमा नामलाई विभिन्न नाममा वर्गीकरण गरिएको छ । तर भुजेल भाषाको व्याकरणमा नामको छुट्टै चर्चा नगरी केही नामपदहरूको मात्र उल्लेख रहेको पाइन्छ । नेपाली भाषामा पुरुष वाचक, दर्शक वाचक, प्रश्न वाचक र निज वाचक गरी चार प्रकारका सर्वनामको चर्चा गरिएको छ भने भुजेल भाषामा पुरुष वाचक सर्वनाम, अन्तर्गत मुक्त सर्वनाम र बद्ध सर्वनाम, अन्य सर्वनाम अन्तर्गत दर्शक सर्वनाम, प्रश्नवाचक सर्वनाम, आत्मवाचक सर्वनाम, पारस्परिक सर्वनाम र सम्बन्ध वाचक सर्वनामको चर्चा गरिएको छ । नेपनली भाषामा विशेषणलाई विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ भने भुजेलको विशेषणलाई एक रूपी, व्युत्पन्न र आगन्तुक विशेषणमा वर्गीकरण गरिएको पाइन्छ । त्यस्तै नेपाली भाषाको व्याकरणमा क्रिया, क्रिया विशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातको विश्लेषण र प्रयोग गरिएको पाइन्छ भने भुजेल भाषाको व्याकरणमा क्रिया, क्रिया विशेषण र नामयोगीको व्याख्या विश्लेषण र प्रयोग भए तापनि संयोजक, विस्मयादिबोधक र निपातको चर्चा गरिएको छैन ।

यसरी प्रस्तुत शोधमा नेपाली भाषा र भुजेल भाषाको व्याकरणको अध्ययन गर्दा शब्दवर्गगत आधारमा भुजेल भाषाको व्याकरणको तुलनामा नेपनली भाषाको शब्द वर्गको अध्ययनको क्षेत्र बढी रहेको पाइन्छ ।

यसैगरी प्रस्तुत शोधमा नेपाली भाषा र भुजेल भाषाको व्याकरणको पुस्तकका आधारमा व्याकरणात्मक कोटिको अध्ययन गरिएको छ। व्याकरणात्मक कोटि अन्तर्गत लिङ्ग, वचन, पुरुष र कालको मात्र अध्ययन गरिएको छ। प्राकृतिक लिङ्गको आधारमा सजीव नामलाई स्त्रिलिङ्ग वा पुलिङ्गको रूपमा बदली उल्लेख गरिएको छ। भुजेलमा भुजेल पनि लिङ्ग व्याकरणिक कोटिको रूपमा छैन। भुजेल भाषामा लिङ्गका रूपमा भाले र पोथी बुझाउने केही शब्दहरू रहेको पाइन्छ। भुजेलमा तिन प्रकारका वचन रहेका पाइन्छन् : एकवचन, द्विवचन र बहुवचन। एकवचन अचिन्हित हुन्छ भने नामसँग (निस्) र क्रियासँग (च) प्रत्यय लागेर द्विवचन बन्दछ।

नेपाली भाषामा पुरुषलाई उत्तम पुरुष, मध्यम पुरुष र अन्य पुरुषका रूपमा चर्चा गरिएको छ तर भुजेलको व्याकरणमा पुरुषको छुट्टै चर्चा गरिएको छैन। नेपालीमा जस्तै भुजेल भुजेल व्याकरणमा भूत काललाई सामान्य भूत र दूरवर्ती भूतका रूपमा चर्चा गरिएको छ।

**अध्ययनको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूप दिनका लागि पाँच अध्यायभित्रका मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकता अनुसार उपशीर्षक राखेर शोधपत्र तयार पारिएको छ। यस शोधपत्रको परिच्छेद विभाजनका मुख्य शीर्षकहरू निम्नानुसार रहेका छन् :

क) अध्याय एक : शोध परिचय

ख) अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

ग) अध्याय तिन : शोध विधि र अध्ययन प्रक्रिया

घ) अध्याय चार : व्याख्या तथा विश्लेषण

ङ) अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

सन्दर्भसामग्रीसूची

# विषयसूची

## अध्याय एक

## शोधपरिचय


१.१ अध्ययनको पृष्ठभूमि १-२

१.२ समस्याकथन २-३

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य र महत्व ३

१.५ अध्ययनको सीमाङ्कन ३

१.६ अध्ययनको रूपरेखा ४


## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा


२.१ विषयप्रवेश ५

२.२ सम्बन्धित साहित्यको समीक्षा ६-१०

२.२ अवधारणात्मक रूपरेखा १०-११


## अध्याय तिन

## शोधविधि र अध्ययन प्रक्रिया


३.१ अध्ययनको ढाँचा र क्षेत्र १२

३.२ सामग्री सङ्कलन प्रक्रिया १२

३.३ शोधविधि र अध्ययन प्रक्रिया १२

## अध्याय चार

## व्याख्या तथा विश्लेषण


४.१ पृष्ठभूमि १३-१५

४.२ भुजेल भाषामा पदवर्ग १५-३०

४.३ भुजेल भाषाका व्याकरणात्मक कोटिहरू ३०-३४

४.४ भुजेल भाषा र नेपाली भाषा व्याकरणअन्तर्गत शब्दवर्गको तुलनात्मक विश्लेषण ३४-३९

४.५ नेपाली र भुजेल भाषा व्याकरणका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन ३९-४२


## अध्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता


५.१ सारांश ४३

५.२ निष्कर्ष ४३-४५

५.३ उपयोगिता ४५

५.३.१ नीति निर्माणका स्तरमा ४५

५.३.२ प्रयोगगत तह ४५

५.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरू ४६